खबर नागरिक
KHABAR NAGARIK
E-paper
खबर नागरिकको समाचार हाम्रो

KHABARNAGARIK
खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarik.com CLICK

Khabar Nagarik | खबर नागरिक | २०८२ माघ ३ गते शनिबार (Saturday 17 Jan 2026) | www.khabarnagarik.com

# भैरहवामा थपियो रोयल कलिन्गा क्यासिनो

**खबर नागरिक**
भैरहवा।

भैरहवाको क्यासिनो मार्केटमा विहीबारदेखि थप एक क्यासिनो थपिएको छ। सिद्धार्थनगर नगरपालिका १० एयरपोर्ट नजिकै रहेको होटल गौतमबुद्ध इन्टरनेश्नलले रोयल कलिन्गा क्यासिनो सञ्चालनमा ल्याएको छ।

गौतमबुद्ध एयरपोर्ट होटलको रुपमा सञ्चालित होटलले नयाँ व्यवस्थापन सहित स्तरबृद्धि गर्दै चार तारे होटलको रुपमा प्रस्तुत गरेको छ। नयाँ व्यवस्थापकिय टिमले स्तरबृद्धिसँगै बैन्क्युट हल, स्पा र क्यासिनो लगायतको सेवा थप गरेको हो।

नेपालको आयस्रोतको रुपमा ठूलो सम्भावना क्यासिनोमा रहेको र १ सय ५० जनालाई रोजगार दिएको क्यासिनोका जेनरल म्यानेजर लक्ष्मण बोहराले जानकारी दिए। अन्य क्यासिनो जस्तै सबै प्रकारका खेलहरु यस्मा समावेश भएको र फराकिलो समेत रहेको बताए। हाम्रो मुख्य स्रोत नै भारतिया र विदेशी पर्यटक रहेको त्यसका लागि प्रचार प्रसारमा लागेको बोहराले भने ।

मन लक्ष्मी ईन्टरप्राइजेज कम्पनि मार्फत विजय पुन मगर मुख्य सञ्चालकको रुपमा रहेको रोयल कलिन्गा क्यासिनोको अनुमति पत्र लिई आजबाट शुभारम्भ गरिएको छ। करिब ३० करोड लगातमा खुलेको क्यासिनोमा हुनुपर्ने सबै प्रकारको सेवा सुविधा रहेको बताए।




क्यासिनोका महाप्रबन्धक लक्ष्मण बोहराले क्यासिनोमा १५० जना बढीले रोजगारी पाएको बताए। नेपालको प्रमुख आयस्रोत पर्यटन क्षेत्र नै भएको र यसले मुलुकमा रोजगारी बढाउने भएकाले पर्यटन क्षेत्रको विकास अपरिहार्य रहेको क्यासिनोका महाप्रबन्धक लक्ष्मण बोहराले भने। 'हाम्रो मुख्य उद्देश्य विदेशी पाहुनाहरूलाई आकर्षित गर्ने र भैरहवालाई एउटा प्रमुख पर्यटकीय हबको रूपमा स्थापित गर्नु रहेको छ। होटलको गुणस्तर र क्षमता अभिवृद्धिमा समेत ठुलो लगानी थपिएको छ।




सुरुवाती चरणमा काम गरेका र हाल २० करोड रुपैया थप लगानी गरी धेरै सुविधा थप गरेका होटलका प्रबन्ध निर्देशक देव खड्काले बताए। उनले ५ सय अटने हल, २४ घण्टा स्पा, हेल्थ क्लब, स्वीमिङ्ग पुल लगायतको व्यवस्थापन थप र व्यवस्थित गरिएको छ। हामीले लिएपछि व्यवस्थापन विस्तारै परिवर्तन गरी हामीले लिएको लक्ष्य अनुरुपको काम हुने गरि काम अगाडि बढेको छ। लगानी फिर्ता हुनेगरी यो होटल चलाउन हामी प्रतिबद्ध रहेको खड्काले भने।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट ७ सय मिटर दुरीमा रहेको यो होटलमा हाल ६० बढी कोठाहरु छन्। होटलको व्यवस्थापन गरिरहेको माउरी सोलुसन हस्पिटालिटीका प्रमुख कार्यकारी अधिकृतदेव कुमार खड्काले सुरुको लगानीमा थप १५ करोड रुपैयाँभन्दा बढी लगानी गरेर नयाँ व्यवस्थापनसहित होटल सञ्चालनमा ल्याइएको बताए। त्यस्तै होटलको छतमा १ सय ५० जना अट्ने एयरपोर्ट भ्यूसहितको लाउन्ज सञ्चालनको अन्तिम चरणमा रहेको होटलका व्यवस्थापक गुणराज मगरको भनाइ छ।

क्यासिनो सञ्चालनमा आएसँगै चहलपहल बढ्ने अपेक्षा छ गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनका लागि सबैले जोड दिनुपर्ने छ। विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान भए आर्थिक गतिविधि स्वतः चलायमान हुने छ।